जि.का.सप्तरी द.नं. २(२०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक ३३ २०७८ साल चैत ६ गते आइतवार (20 Mar. 2022 Sunday) मूल्य रु. ७/-

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – **पृष्ठ २ मा** : मस्तिष्क मृत्युपछिको ... **पृष्ठ ३ मा** : कहाँ चुक्यो ... **पृष्ठ ४ मा** : अग्निपीडितलाई मन्त्रीद्वारा ... **पृष्ठ ५ मा** : आजदेखी म्यादी प्रहरीको ...

## शिक्षकको कुटाईबाट बालकको मृत्यु

**राजविराज**/शिक्षकको कुटाईवाट सप्तरीका एक नौं वर्षिय वालकको शनिवार मृत्यु भएको छ ।

जिल्लाको महादेवा गाउँपालिका १ स्थित सोनरा राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक बशन्त कुमार चौधरीले फागनु २३ गते बाँसको छडीबाट कुटेपछि गम्भिर घाइते ९ वर्षिय वालक कमल यादवको मृत्यु भएको मृतकका पिता डम्बर नारायण यादवले प्रहरी समक्ष किटानी जाहेरी दिएका छन् ।

गम्भिर घाइते भएका बालकको राजविराजस्थित युनिक सिटी अस्पतालमा उपचारपछि थप उपचारका लागी भनिएकोमा आर्थिक अबस्था कमजोर रहेकाले थप उपचार गर्न नसकेका कारण छोराको मृत्यु भएको मृतकका पिता यादवले सञ्चारकर्मी समक्ष आफनो पिडा पोखे ।

प्रअ चौधरीलाई उपचारको लागी सहयोग गर्न आग्रह गर्दा सुनुवाही नहुँदा छोराका मृत्यु भएको उनले बताए । उनले न्यायका लागी पहल गरी दिन नागरीक समाज, मानवअधिकारकर्मी, सञ्चारकर्मी समक्ष आग्रह समेत गरेका छन्क ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको प्रहरी टोलीले मुचुल्ला उठाई शवलाई पोष्टमार्टमका लागी राजविराजस्थित गजेन्द्र नारायण सिहं अस्पताल पठाएको जनाएको छ ।

## आदिवासी जनजाति महासंघ सप्तरीको अध्यक्षमा अरुण प्रधान

**राजविराज**/आदिवासी जनजाति महासंघ सप्तरीको अध्यक्षमा अरुणकुमार प्रधान चयन भएका छन् । उनी उद्योग बाणिज्य संघ सप्तरीका निवर्तमान अध्यक्ष समेत हुन् ।

जिल्लाको शम्भुनाथ नगरपालिकास्थित आदिबासी जनजाति भवन कठौनामा आयोजित चौथो जिल्ला अधिवेशनले प्रधानको अध्यक्षतामा २१ सदस्यीय समिति गठन गरेको छ ।

नवनिर्वाचित समितिका उपाध्यक्षमा उपेशकुमार सिंह, इन्द्रनारायण मण्डल र शर्मिला चौधरी, सचिबमा अरबिन्दकुमार चौधरी, सहसचिवहरूमा रवीना तामाङ, उद्धवकुमार भुजेल र रञ्जना खपाङ्गी मगर तथा कोषाध्यक्षमा सूर्यमान तामाङ चयन भएका छन् ।

यसैगरी सदस्यहरूमा उज्वल चौधरी, दीपेन्द्रकुमार चौधरी, मनमाया थोकर, कुशबाहाकान्त मण्डल, गोपालप्रसाद चौधरी र देवी जोशी रहेका छन् ।

जिल्ला समितिमा बाँकी छ सदस्य मनोनित गरिने निर्णय भएको निर्वाचन समिति सदस्य एवं महासङ्घका पूर्वअध्यक्ष यमबहादुर खपाङ्गी मगरले जानकारी दिए ।

## सूचना ! साधारण सभाक सूचना

एहि श्री चित्रगुप्त सेवा समिति, सप्तरी राजविराजक ४७ म साधारण सभा निम्नानुकुलक दिनाङ्ग, समय आ स्थानमे सम्पन्न होएबाक भेल निर्णय अनुरुप समितिक सम्पूर्ण साधारण, आजीवन आ मानार्थ सदस्यलोकनिके जानकारी हेतु ई सूचना प्रकाशन कएल गेल अछि ।

समितिक विधान भाग ६, दफा ७ अनुरुप निर्धारित दिनाङ्ग, समय आ स्थानपर आयोजित होइवाला एहि साधारण सभामे अपनेक गरिमामय उपस्थिति प्रार्थनीय अछि । समितिक विधान भाग १० दफा १२.२ अनुरुप ई सूचना प्रकाशन करैत साधारण सभामे उपस्थित भऽ सफल बना देबाक हेतु समस्त सरोकारवालामे विनम्रतापूर्वक हार्दिक आग्रह अछि ।

**४७ म साधारण सभाक :**

**स्थान :** श्री के.अ.मा.वि.स्थित श्रोत केन्द्र भवन, राजविराज

**दिनाङ्ग :** वि.सं. २०७८ साल चैत १२ गते (ई.सं. २६ मार्च २०२२) शनिदिन

**समय :** दिनक ११ बजेसँ

**प्रस्ताव सूची :**

(१) समितिक बार्षिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(२) समितिक लेखा प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(३) छात्रबृत्ति समितिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(४) निर्वाचन समितिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन तथा गठन,
(५) आगामी बर्षक कार्ययोजना आ आय-व्यय सम्बन्धमे,
(६) नवकार्यकारिणीक गठन सम्बन्धमे,
(७) विविध वा अन्य ।

**विनित/ प्रार्थी**
**महासचिव**
**श्री चित्रगुप्त सेवा समिति**
**सप्तरी, राजविराज**

## म्याद सकिएपछि थपिएको ८४ जना मतदाताको नाम हटाउन उजुरी

**राजविराज**/म्याद सकिएपछि थपिएका मतदाताको नाम हटाउन माग गर्दै सोमबार लोकतान्त्रिक समाजवादी पार्टी नेपाल सप्तरीले जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी दिएको छ ।

लोसपाका जिल्ला अध्यक्ष सुनिलकुमार झाको नेतृत्वमा गएको एक टोलीले मतदाता नामावलीमा नाम समावेश गर्ने समय बितिसक्दा पनि ८४ जना मतदाताको नाम समावेश गरेको भन्दै प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम समक्ष उजुरी पत्र बुझाइएका हुन् ।

गत माघ २४ गते नै मतदाता परिचयपत्रका लागि आवश्यक विवरण लिने काम बन्द भइसकेकोमा माघ २७ र २८ गते राजविराज नगरपालिका वडा नं. ६ का केही व्यक्तिहरुको निजि घरमा गई फोटो खिच्ने काम र मतदाता सूचीमा समावेश गर्ने काम समेत भएको बुझाइएको उजुरी पत्रमा उल्लेख छ ।

पार्टीका जिल्ला अध्यक्ष झाद्वारा बुझाइएको उजुरीमा म्याद सकिएपछि फोटो खिचिएका केही व्यक्तिको नाम निर्वाचन कार्यालयको आधिकारीक वेवसाइटमा समेत फेला परेको दाबीका साथ ती नामहरु हटाउन माग गरिएको लोसपाका केन्द्रिय सदस्य शैलेश चौधरीले जानकारी दिर्दै उक्त कार्यमा संलग्न जनप्रतिनिधि र कर्मचारीमाथी कारवाहीको माग समेत गरे ।

उजुरी पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले आवश्यक छानबिन गरि दोषिमाथी कारवाही गरिने जानकारी दिएका छन् ।

उजुरी पत्र बुझाउन जिल्ला समनवय समितिका प्रमुख प्रभाकर यादव, लोसपा केन्द्रिय सदस्य दिपेन्द्र चौधरी, बिनोद यादव, अमरनाथ मण्डल, जिल्ला सदस्य शशि चौधरी लगायत पार्टीका नेताहरु समेत जिल्ला प्रशासन कार्यालय पुगेका थिए ।

ग्याँसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

- ग्याँस तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिन्डर र सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए, तुरुन्त मर्मत गरौं।
- ग्याँस सिलिन्डर लिँदा सिल भए/नभएको हेरेर मात्र लिऔं।
- तौल कम भएको,धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- सलाई,लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पिकअपको ठक्करबाट पैदल यात्रीको मृत्यु

**राजविराज**/सप्तरीमा पिकअप भ्यानले ठक्कर दिँदा बजारबाट घरतर्फ पैदल जादैं गरेका एक व्यक्तिको ज्यान गएको छ ।

जिल्लाको अग्निसाइर कृष्णासबरण गाउँपालिका १ का ५५ वर्षिय दु:खीलाल लेखीको स.१च. १६८३ नं को पिकअप भ्यानले ठक्कर दिँदा शुक्रबार राती उपचारका क्रममा मृत्यु भएको हो ।

साँझ ५ बजेतिर बजारको काम सकेर घरतर्फ पैदलै जाँदै गरेका लेखीलाई पूर्वपश्चिम लोकमार्गमा पर्ने उक्त गाउँपालिकाको वडा नं. ६ रतवाला सडकखण्डमा तिब्रगतिमा आउँदै गरेको पिकअप भ्यानले ठक्कर दिएको थियो ।

सो क्रममा ठक्कर दिएको पिकअप भ्यान अनियन्त्रित भई सडक किनारमै पल्टिएको थियो । गम्भिर घाइते भएका लेखीलाई स्थानिय धर्मेश्वर अस्पतालमा भर्ना गरिए पनि अवस्था जटि बन्दै गएपछि थप उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल ल्याइएकोमा उपचारकै क्रममा राती ८ बजेतिर उनको मृत्यु भएको डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए ।

ठक्कर दिने गाडी र चालकलाई नियन्त्रणमा राखी आबश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्लामा चालु आ.ब. २०७८/७९ को हालसम्ममा भएको सवारी दुर्घटनामा ८ पुरुष, दुई महिला र एक बालकगरि ११ जनाले ज्यान गुमाइसकेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

## सम्पादकीय

### तस्करी नियन्त्रणतर्फ राजश्व कार्यालयको ध्यान पुगोस्

खुल्ला सीमानाकाबाट दिनहुँ हजारौं मानिसहरुको ओहोरदोहोर गर्ने गर्दछन् । नेपाल र भारतबीचको सीमानाका सदिऔंदेखी खुल्ला नै रहेको छ । यी दुबै देशबीच बेटी रोटीको सम्बन्ध पनि छ । यस्तो अवस्थामा भारतबाट घरायसी सामान खरीद गरि ल्याउने सामाग्रिमाथी भन्सार कार्यालयले राजश्व तिराउने निर्णय उचित होइन् । भन्सार कार्यालयले हालै एक सय रुँपैया भन्दा बढीको सामान खरीद गरेर ल्याएमा राजश्व तिर्नुपर्ने नियम लगाउँदा स्थानियहरु आक्रोसित हुनुका साथै कार्यालयको गैरजिम्मेवार निर्णय भन्दै बिरोध समेत गरेका छन् ।

मधेशका सबै जिल्ला भारतसँग जोडिएको छ । जसकारण अवस्थामा भारतीय नागरिक वा नेपाली नागरिक खुलेआम आवतजावत गर्दछन् । यसको फाइदा उठाएर तस्करहरुले रजाई गरिरहेको अवस्था छ । भारतबाट नेपाल र नेपालबाट भारत लुकिछिपी भन्सार छलेर विभिन्न सामानहरु वारपार गर्ने गरेका छन् । यसप्रति राजश्व कार्यालयको ध्यान पुग्न सकेको छैन् । दैनिक उपभोगका लागि ल्याउने सामानमा राजश्व तिर्न लगाउनु कतिको उचित निर्णय हो ? यो एउटा गम्भिर प्रश्न उब्जिएको छ ।

तसर्थ राजश्वमा बृद्धिका लागि सबै भन्दा पहिला तस्करहरुलाई नियन्त्रण गर्न सक्नु पर्छ । अनिमात्र मुल्य निर्धारण गरेर खाद्यान्न ल्याउनेहरुमाथी राजश्व तिर्ने बानि बसालेमा उचित हुने छ ।

# मस्तिष्क मृत्युपछिको अंगदान- महादान



**अर्चना बगाले**

मानव शरीरमा एक जोडी सिमि आकारका मिर्गौला रहेका हुन्छन् । मिर्गौलाले शरीरमा जम्मा भएका विषाक्त पदार्थलाई बाहिर निकाल्नेदेखि पानीको मात्रालाई सन्तुलन गर्ने काम गर्दछ ।

विश्वमा नसर्ने रोगको जटिलता दिन प्रतिदिन बढ्दै गइरहेको छ । हाम्रो देशको कानुनले मिर्गौला फेल भएका बिरामीलाई तीन तरिकाले लिन/दिन सक्ने व्यवस्था गरेको छ ।

पहिलो नियममा आफ्नो नजिकका ५२ जना नातेदार, दोस्रो नियममा दुवै तर्फबाट लिन/दिन नमिल्ने अवस्थामा आपसी साटासाट गर्न सकिन्छ । तेस्रोमा मस्तिष्क मृत्युबाट दानमा आएका मिर्गौलाबाट अंगदान गर्न सकिन्छ ।

विभिन्न कारणबाट बिरामीको मस्तिष्क मृत्यु भइरहेको हुन्छ । मस्तिष्क मृत्यु भनेको मस्तिष्कमा अप्रत्यावर्तनीय अवस्था, स्नायु अनुसन्धानबाट बेहोसको अवस्था प्रमाणित भएको अवस्था, बिरामीलाई बेहोस बनाउने औषधिको असर नरहेको, मांशपेसी लट्ठ पार्ने औषधिको प्रमाण नभएको, अम्ल क्षारको समस्या नभएको, शरीरको न्युनतम तापक्रम ३५ डिग्री भन्दा कम नभएको, रक्तचाप सामान्य रहेको र प्राकृतिक रुपमा श्वासप्रश्वास नभएको आदि तथ्य तथा स्नायु विश्लेषणको माध्यमबाट मात्र पुष्टि गर्न सकिन्छ ।

परिवारको स्विकृती बिना यस्तो अवस्थामा मिर्गौला लिन/दिन मिल्दैन । मस्तिष्क मृत्यु भइसकेपछि कृतिम श्वासप्रश्वासको माध्यमबाटबाहेक अन्य प्राकृतिक रुपमा मानिसको जीवन रहन सक्दैन ।

आखिर जलेर खरानी भएर जाने अंग नै हुन् । कसैको जीवनलाई बचाएर आफ्नो अंग जिवन्त बनाउने एक माध्यम हो मस्तिष्क मृत्युपछिको अंगदान ।

जीवित रहँदा मस्तिष्क मृत्युपछिको अंगदानका लागि घोषणा गरेको र मञ्जुरीनामामा हस्ताक्षर नै गरेको भएपनि भवितब्य परेर दिन मिल्ने भएपनि परिवारको स्विकृती बिना यस्तो अंगदानले खासै मान्यता पाउँदैन । हाम्रो जस्तो देश जहाँ पौराणीक मुल्य मान्यताहरु, मृत्युपछिको जीवनको विश्वास अनि अन्य कुराहरुले पनि आफ्नै स्थान ओगटेको छ ।

हामीमा अंगदान गर्दा अर्को जुनिमा समस्या पर्ला भन्ने गलत धारणा छ । आफ्नो मूल्य मान्यतामा विश्वास राख्नुपर्दछ तर मृत्युपछिको नदेखेको जीवनको लोभमा यहि जुनिमा गर्न सकिने पुण्य गर्न सके धेरै मिर्गोला तथा कलेजो पिडितले राहत पाउने थिए ।

आफ्नो भौतिक शरीरले काम गर्न नसक्ने तर अरुको शरीरमा आफ्नो अंगले काम गर्न सक्छ भने हामी यो काम गर्न किन पछि हट्ने । व्यक्ति, संस्था भन्दा माथि उठेर सम्पुर्ण सरोकारवाला निकायले हातेमालो गर्न सके सयौं बिरामीहरु यसबाट बच्न सक्ने थिए ।

फूल फुल्छ झर्छ, फुल्ने र झर्ने क्रम चलिरहन्छ । मानव जीवन पनि यस्तै हो । जन्म मृत्युको प्राकृतिक नियममा हामी बाँधिनुनै पर्छ । ढिलो चाँडोको कुरा मात्रै हो। त्यसैले आफू मरेर गएपनि आफ्ना अंग कसैको शरीरमा पुर्णरुपमा कार्य गर्ने बनाएर हामी अमर बनौं। मस्तिष्क मृत्युपछिको अंगदानलाई सबै मिलेर अभियानको रुपमा अगाडि लैजाउँ । आफू मरेर गएपनि आफ्ना अंगले अरुलाई बचाऔं। यो भन्दा ठूलो धर्म अरु केहि पनि छैन ।

आफ्नो मान्छेको मस्तिष्क मृत्यु हुँदाको क्षण अवश्यनै पिडादायक छ तर फर्केर नआउने जीवनमा अंगदानबाट अरुलाई बचाएर आफ्नो मान्छेलाई जिवन्त राख्ने अवसर पनि त हो । त्यसैले मस्तिष्क मृत्युपछिको अंगदान महादान हो । सबै मिलेर यस पुण्य कार्यलाई अगाडि बढाऔं । ( बगाले शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रकी ट्रान्सप्लान्ट कोअर्डिनेटर हुन् ।) स्वास्थ्य खबरबाट


**कोभिडबाट सचेत रहौं**

- कोरोना संक्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

**होमियोप्याथिक रिसर्च इन्स्टिच्युट**

डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# कहाँ चुक्यो मिडिया ?



नविन भट्टराई

जब टेलिभिजनमा कुनै विशेष घटना सन्दर्भमा रहेर कार्यक्रम बनाइन्छ, तब आममानिसले आफ्नो कौतुहलताको उत्तर कार्यक्रमका अतिथिबाट खोजिरहेका हुन्छन् । पत्रकारले आफ्ना मनमा उठेका प्रश्न कतिबेला अतिथिसामु राखिदिन्छन् र जिज्ञासा मेटिन्छ भन्नेमै सबैको ध्यान केन्द्रीत हुन्छ । तर पत्रकारले ती प्रश्न नै राखिदिएन भने के हुन्छ, कस्तो लाग्छ ? पत्रकार, विषयसन्दर्भ भन्दा बाहिर बहकियो भने त्यो कार्यक्रमको औचित्य के हुन्छ ? टिआरपी र भ्यूजका लागि मात्र टेलिभिजनले कार्यक्रम उत्पादन गर्ने त होइन होला ।

आममनिसको प्रश्न समेट्न नसक्ने पत्रकारका कारणले पत्रकारिताप्रति उनीहरुको विश्वासनीयता कमजोर हुन सक्ने जोखिमप्रति मिडिया हाउस सचेत हुनुपर्ने हो । अझ श्रव्यदृश्य कार्यक्रममा त दर्शकले अतिथि र कार्यक्रम प्रस्तोताको हाउभाउ पनि नियालिरहेका हुन्छन् । यस्ता कुराले एउटा आम सरोकारको विषयमा पक्कै प्रभाव पार्दछ । पत्रकारिता संवेदनशील हुन्छ, भनिएकामध्ये एउटा कारण यो पनि हुन सक्छ ।

आचारसंहिताको पालना गर्दै प्रश्नको सीमा र प्रकृतिले नै आमन्त्रित अतिथिलाई संयमित राख्ने वा उत्तेजित–अराजक बनाउने भन्ने निर्धारण गर्दछ । यो पनि दर्शकले उत्सुकताका साथ हेरिरहेका हुन्छन् । पत्रकार र पत्रकारिताको स्तर मापनको आधार आम दर्शकश्रोता र पाठकको यस क्षेत्रप्रतिको चासो र विश्वसनीयता नै हो । जब देशमा कुनै घटनाक्रम विकास हुन्छ, पत्रकारिताका स्तर मापनको उचित समय पनि त्यही समय हुन्छ । पत्रकार र नाम चलेका व्यक्तित्वहरुले मिडियाको प्रयोग कसरी गरिरहेका छन् र त्यसको प्रभावबारे उनीहरू कतिको सचेत छन् भनी जान्ने समय त्यतिबेलै त हो ।

नायक पल शाह र एक युवती गायिकाको विषयलाई लिएर आजभोलि सामाजिक सञ्जाल तातिएको छ । केही समय अघिदेखि नै खटपट चलिरहँदा उनीहरुको सम्बन्धलाई लिएर थुप्रै धारणा बाहिरिदै थिए । यद्दपी उनीहरू त्यस विषयलाई लिएर आफ्नो स्पष्टिकरण दिइरहेका थिए । गत फागुन ११ गते युवतीको परिवारले पलविरुद्ध जबरजस्ती करणीसम्बन्धी कसुरमा किटानी जाहेरी दर्ता गरेपछि भने उनीहरु बीचको चर्चा चुलिएको हो । उनीहरु दुवैका फ्यान दुई पक्षमा विभाजित भएका छन् । मूल धारका मिडियामा समेत र केही राष्ट्रिय स्तरको अनलाइनमा आएका टीका–टिप्पणीले पनि यो घटनाको अनावश्यक विश्लेषण र अनुसन्धान प्रभावित हुने गतिविधि थप बढ्ने अनुमान लगाउन सकिन्छ ।

जब पल र ती युवतीको सम्बन्धलाई लिएर सुरुवाती दिनहरुमा अपुष्ट कुराहरू बाहिर आउन थाल्यो, तबदेखि नै उनीहरुको सम्बन्धमा चिसो पसेको शंका सबैले गरेका हुन् । खास गरी केही युट्युबमार्फत् यस विषयलाई 'काण्ड' को रुप दिई सम्पूर्ण दर्शक श्रोताको ध्यान केन्द्रित गरी उनीहरूको चरित्र हत्या गर्ने काम भयो । सही श्रोतको अभावमा बजारमा आएका गसिफको भरमा सम्प्रेषण भएका त्यस्ता सामग्रीले युट्युब मिडिया कति अपारदर्शी छन् भन्ने कुरा छर्लङ्ग भएको हो । क्यामेरा अघि तेर्सिएर बुम हातमा लिएर बोल्नेहरू सबै पत्रकार हुन् भन्ने भ्रम अझ पनि सर्वसाधारणमा छ । यो

***बाँकी चार पृष्ठमा***

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुंदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**(मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा)**
नक्साल, काठमाण्डौ ।

**म्यादी प्रहरी भर्ना सम्बन्धी सूचना !!!**

स्थानीय तह निर्वाचन २०७९ को लागि **म्यादी प्रहरी** भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूबाट स्वयम् उपस्थित भई दरखास्त आव्हान गरिन्छ ।

१. **पद** :- म्यादी प्रहरी
२. **माग पद संख्या** :- १,००,००० (एक लाख) जना ।
३. **दरखास्त दिने मिति** :- २०७८/१२/०६ गतेदेखि २०७८/१२/११ गतेसम्म, समय विहान १०:०० बजेदेखि १७:०० बजेसम्म (सार्वजनिक बिदाको दिन बाहेक) ।
४. **दरखास्त फाराम पाइने र बुझाउने स्थानहरू** :- महानगरीय प्रहरी परिसर (काठमाण्डौ, ललितपुर, भक्तपुर) र जिल्ला प्रहरी कार्यालय (सबै) ।
५. **आवश्यक न्यूनतम योग्यता र प्राथमिकता** :-

| उमेर हद | आवश्यक न्यूनतम योग्यता | म्यादी प्रहरी भर्नाको लागि प्राथमिकता |
|---|---|---|
| दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ५४ वर्ष ननाघेको । | १. नेपाली नागरिक हुनु पर्ने,<br>२. कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,<br>३. कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>४. शारीरिक तथा मानसिक रुपले तन्दुरुस्त रहेको,<br>५. साधारण लेखपढ गर्न जान्ने,<br>६. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को अनुसूची-३ प्रकरण (३) को (छ) र (ज) मा उल्लेख भए बमोजिम हुनु पर्नेछ । | १. सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल) मा २०७८ श्रावण १ गतेदेखि विभिन्न पदमा भर्नाको लागि आवेदन दिई शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उतीर्ण भई प्रवेश पत्रको प्रतिलिपी पेश गर्ने व्यक्तिहरु,<br>२. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत रही निवृत्तिभरण वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मीहरु तथा पूर्व वन रक्षकहरू,<br>३. विदेशी मित्र राष्ट्रका सुरक्षा निकायहरूमा काम गरी सेवा निवृत्त नेपाली नागरिक,<br>४. विगतका निर्वाचनहरूमा म्यादी प्रहरीको रुपमा भर्ना भई सन्तोषजनक कार्य गरेका व्यक्तिहरू । |


६. **सम्पर्क मिति र स्थान** :-
- मिति: २०७८/१२/१३ गते ।
- स्थान: आवेदन दर्ता गराएका सम्बन्धित प्रहरी कार्यालयहरू ।
- समय: विहान १०:०० बजे ।

७. **छनौट सम्बन्धी** :-
- छनौट प्रारम्भ हुने मिति: २०७८/१२/१५ गतेदेखि ।
- अन्तिम नतिजा प्रकाशन मिति: २०७८/१२/२२ गते ।
- प्रशिक्षण शुरु हुने मिति: २०७८/१२/२८ गतेदेखि ।

८. **म्यादी प्रहरीको कार्य अवधि** :-
- निर्वाचनमा खटिने म्यादी प्रहरीको कार्य अवधि बढीमा ४० दिन सम्मको हुनेछ ।

९. **सेवा तथा सुविधा** :-
- म्यादी प्रहरीका लागि नेपाल प्रहरीको जवान सरह (आधारभूत तलब: मासिक रू.२२,६८०।-) बढीमा ४० दिन सम्मको लागि व्यक्तिगत बैंक खातामा रकम जम्मा गरिदिने गरी जम्मा तलब रू.३०,२४०।-, खाद्यान्न बापत प्रति व्यक्ति एकमुष्ठ रू.७,२००।- र पोशाक तथा अन्य सामान खरीद गर्ने गरी प्रति व्यक्ति रु.६,०००।- का दरले उपलब्ध गराईने छ ।
- निर्वाचनको क्रममा खटिने म्यादी प्रहरीहरूलाई खटिएको ठाँउमा आउन र जाने तयारी स्वरूप प्रति म्यादी प्रहरी एक पटकको लागि रू.१,०००।- का दरले तयारी खर्च उपलब्ध गराईने छ ।
- बीमा लगायतका अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत एवं प्रशासन विभाग
भर्ना छनौट महाशाखा
नक्साल, काठमाण्डौ ।




**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी**

## कहाँ चुक्यो...

कुराले पत्रकारितामा भविष्य व्यतित गर्ने दरिलो सपना बुनेका म जस्ता कैयौं अध्येताको मन पटक पटक कुँडिएको छ । वास्तवमा न उनीहरू पत्रकार हुन्, न उनीहरू पत्रकारिता नै जान्दछन् ।

गत फागुन ११ गते नायकविरुद्ध उजुरी परेपछि यस विषयले मूलधारका मिडियामा पनि विशेष प्रवेश पायो । उक्त दिनसम्म मौन बसेका पत्रकार र मिडिया हाउसहरूले ब्रेकिङ न्यूज दिने क्रममा सुरुमै चुक्न पुगे । देशको संवैधानिक व्यवस्था र पत्रकारिताको आधारभूत मूल्य मान्यताको सीमा तोड्दै पीडित भनिएकी तीनै युवतीको व्यक्तिगत सूचना प्रकाशन प्रसारण गर्न पुगे । पीडित भनिएकी युवतीको हुलिया सहितको समाचार सम्प्रेषण भएपछि भने नेपालमा वादी पक्ष कति असुरक्षित छ भन्ने कुरा दर्शाएको छ ।

सन् २००२ मा एक राष्ट्रिय स्तरको पत्रिकामा तथ्यहीन सामग्रीसहित आफ्नो आपत्तिजनक फोटो प्रकाशित गरिएको भन्दै एक नायिकाले आत्महत्याको बाटो रोजेकी थिइन् । पत्रकार आचार संहिताको बेवास्ता गर्दै बेला बेला बाहिर ल्याइने यस्ता संवेदनशील सामग्रीले उक्त घटना ब्यूँताई रहन्छ । नेपाली पत्रकारिताले यस घटनाबाट पाठ नसिकेको सहज अड्कल गर्न सकिन्छ ।

नायक र गायिकाकै विषयलाई लिएर अभियुक्त नै पीडक, गायिका नै पीडित हो भन्ने आशयका सूचनाले जनताबीच समर्थन वा विरोध गर्ने होडबाजी नै चलेको छ । अदालतमा प्रवेश पाउन लागेको अनुसन्धनात्मक चरणमा रहेको यो मुद्दालाई "आफै अदालत आफै न्यायाधीश"को दृष्टिकोणबाट बहस चलाइनाले अनुसन्धान प्रभावित हुने संभावना रहन्छ । आफू खुसी समर्थन वा विरोध गर्दै सर्वसाधारण प्रदर्शनमा उत्रेपछि मानव अधिकार आयोगले यस्ता गतिविधि नगर्न विज्ञप्ती नै जारी गर्नुपर्यो । जनता कति चेतनशील छन् ? यो प्रश्नको उत्तर खोज्न कहीँ जानु पर्दैन, मात्र एक बुम र क्यामेरा बोकेर जथाभावी प्रश्न सोधिदिनु पर्छ, त्यसपछि उनीहरु आफ्नो स्तर आफैं प्रस्तुत गर्नेछन् ।

व्यक्तिको गोपनीयतासँग जोडिएका विषय कुन हदसम्म खोतल्ने भन्ने ध्येय नराखी हचुवाका भरमा प्रश्न सोध्नाले सार्वजनिक व्यक्तिहरुको निजी जीवनप्रतिको सम्मान नगरेको/नभएको जस्तो भान दर्शकदीर्घमा पर्न जान्छ । तिनै मूलधार मिडियाको युट्युबले पनि भ्यूज र लाइकको लोभमा 'सनसनीपूर्ण खुलासा' किसिमको सामग्री सम्प्रेषण गर्दा त्यसैलाई आधार मानेर पक्ष-विपक्षमा रहेर जुलुस वा प्रदर्शनजन्य गतिविधिमा प्रश्रय पुगिरहेको छ ।

अब सामाजिक सञ्जालको कुरा गरौं । आज हरेक माानिस सामाजिक सञ्जालमा जोडिएका छन् । आफ्ना विचार साझा गर्न यो खास र विशेष छ । जब जब करणी, हत्या आदि अपराधिक घटना घट्छन्, तब सामाजिक सञ्जाल थरी थरीका धारणाले भरिन्छ । सञ्जालमार्फत् आफ्नो धारणा बाहिर ल्याउन जो कोहीलाई छुट छ । तर त्यसको साइड इफेक्टको हेक्का राखेर विचार बाहिर ल्याउनु–नल्याउनु के कति उपयुक्त हुन्छ भन्नेतर्फ पनि पनि ध्यान जानुपर्दछ ।

अझ सार्वजनिक व्यक्तिहरुले आफ्नो वैत्तिक विचारलाई सार्वजनिकीकरण गर्दा उनीहरुको दृष्टिकोणले सर्वसाधारणको ठूलो भीडलाई प्रभावित पार्दछ । भीड उत्तेजित र अराजक नहोला भन्न सकिन्न । यो प्रकरणमा पनि नाम चलेका सेलिब्रेटी र कलाकारहरुले एकपक्षीय विचार सञ्जाल र अन्य मिडियाबाट बाहिर ल्याउँदा निष्पक्ष हुनुपर्ने प्रहरी अनुसन्धानले ट्र्याक गुमाउला कि भन्ने शंका पनि छ । पीडित र अभियुक्तबीच को दोषी, को निर्दोष ? भन्ने सावित भइ नसकेको अवस्थामा ती युवतीले अकल्पनीय बाटो रोजिन् भने को जिम्मेवार हुने ?

पत्रकारिता गर्ने र सामाजिक सञ्जाल प्रयोगकर्ताहरुले यस्ता प्रकरणहरूमा संयमता अपनाउने र अनावश्यक कोणबाट घटना गिजोल्न बन्द गर्ने हो भने अनुसन्धानकर्ताहरु स्वतन्त्र रहेर निष्पक्ष अनुसन्धान प्रक्रिया अघि बढाउन सक्छन् । असम्बन्धितहरुबाट लिइएका कथ्यपरक र पूर्वाग्रही भनाइले विषय थप जटिल बन्ने स्पष्ट छ । यस्ता विचारले सार्वजनिक ठाउँ पाउँदा आम ानिसमा भ्रम पैदा हुने जोखिम पनि रहन्छ । आफू खुसी दोषी र निर्दोष घोषणा गर्नुपूर्व हामी कानुनी शासनमा छौं भन्ने यथार्थता बिर्सनु हुँदैन ।

### मिडियाको भूमिका

यस्ता संवेदनशील घटनामा मूलधारका मिडियाको भूमिका अहम् हुन्छ । सर्वसाधारणको समूहलाई एकपक्षीय बनाउने कि तथस्त राख्ने भन्ने कुरा विषयसँग सम्बन्धित सम्प्रेषण हुने सामग्रीको स्तरले निर्धारण गर्दछ । व्यक्तिको गोपनीयता र उसको चरित्रमाथि चलाइने बहसले दर्शकलाई डोर्याउने हुँदा अतिथिलाई गरिने प्रश्न पत्रकारिताको नैतिक धरातलभन्दा तल चिप्लिनु हुँदैन ।

अन्त्यमा, हाम्रा मिडियामा आन्तरिक मनिटरिङ र स्वनियन्त्रण गर्ने संयन्त्र पो कमजोर भएका हुन् कि ? यसप्रति पनि सम्बन्धित सबैको ध्यान जान आवश्यक छ । तपाईंले सोध्ने प्रश्न वा तपाईंको मिडियाले चलाउने कार्यक्रमले यस्ता घटनाको निरूपण पश्चात् सार्वजनिक भएर ऊ (वादी वा प्रतिवादी) सामाजिक क्रियाशीलतामा फर्किंदा उसमा कुनै अठ्यारो त निम्त्याउँदैन नि ? भन्ने हेक्का हुनुपर्छ । पत्रकारिता स्तरीय हुनुपर्छ, यसलाई खस्किन नदिऔं ।

रातोपाटीबाट

# अग्निपीडितलाई मन्त्रीद्वारा राहत प्रदान



**राजविराज**/सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ टेंगरी टोलका अग्निपीडितलाई मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले राहत प्रदान गरेका छन् ।

मन्त्री साहले बुधबार अग्निपीडितको घर आंगनमै पुगि स्थलगत निरिक्षण गर्दै पीडित परिवारलाई राहत प्रदान गरेका हुन् ।

गत शनिबार आगलागि हुँदा सो टोलका १३ परिवारको २७ घर जलेर पूर्ण रुपमा नष्ट भएको थियो ।

यसअघि अग्निपीडितको बिचल्ली भएपछि सोही दिन तत्कालिन राहत स्वरुप त्रिपाल र खाद्यान्न पठाएका मन्त्री साहले यूएनएफपिए र आसमान नेपाल नामक संस्थाबाट सहयोग जुटाई थप राहत लिएर पुगेका हुन् ।

सो क्रममा उनले यूएनएफपिएबाट सहयोग स्वरुप प्राप्त एक/एक थान मोवाइल चार्जरसहितको सोलार लाइट, त्रिपाल, झुल र डिगनिटि किट तथा आसमान नेपालबाट सहयोग स्वरुप प्राप्त त्रिपाल, चामल, दाल, नुन लगायतका राहत सामाग्रि बितरण गरे ।




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी





राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# आजदेखी म्यादी प्रहरीको भर्ना खुल्यो

**काठमाडौं**/आगामी बैशाख ३० गते हुने स्थानिय निर्वाचनका लागि नेपाल प्रहरीले एक लाख म्यादी प्रहरीका लागि भर्ना आजदेखी खुल्ला गरेको छ।

प्रहरी प्रधान कार्यालय नक्सालले मंगलबार सूचना जारी गर्दै चैत ६ देखि ११ गतेसम्म दर्खास्त दिन आह्वान गरेको छ।

म्यादी प्रहरीमा १८ वर्ष पूरा भइ ५४ वर्ष ननाघेका व्यक्तिले दरखास्त दिन पाउने तथा दर्खास्त फारम भर्न पाउनेछन्।

म्यादी प्रहरी सम्बन्धी अन्तिम नतिजा २२ चैतमा प्रकाशित हुनेछ भने उनीहरुको सेवा अवधि ४० दिन रहेनछ। म्यादी प्रहरीका लागि प्रहरी जवानको तलब सरह (आधारभूत तलब महिनाको २२,६८० रुपैयाँ) ले ३० हजार २४० रुपैयाँ दिइने भनिएको छ।

त्यस्तै खाद्यान्नबापत एकमुष्ठ ७ हजार २०० रुपैयाँ र पोशाक र अन्य सामग्री खरिदका लागि प्रतिव्यक्ति ६ हजार रुपैयाँका दरले थप रकम उपलब्ध गराइने सूचनामा उल्लेख छ। निर्वाचनमा खटिने कर्मचारीका लागि तयारी रुवरुप खटाइएको ठाउँमा आउन जान थप एक हजार रुपैयाँ उपलब्ध गराइने पनि भनिएको छ।

## चोरी घटनाका फरार अभियुक्त पक्राउ

**राजविराज**/चोरी घटनामा फरार एक अभियुक्त तीन वर्षपछि पक्राउ परेका छन्। पक्राउ पर्नेमा राजविराज ६ निवासी २५ वर्षिय श्यामबाबु साह छन्।

होली मनाउन घर आएको गोप्य सूचना आएपछि पुगेको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो। चोरी मुद्दामा सप्तरी जिल्ला अदालतबाट २०७६ जेष्ठ १५ गते एक महिना ४ दिन कैद र ३० हजार जरिवानाको फैसला भए लगत्तै फरार भएका उनी बिहीबार घरमै लुकिबसेको अवस्थामा पक्राउ परेका हुन्।

पक्राउपछि अदालतमा उपस्थित गराइएका साहलाई आदेशानुसार बिहीबार नै राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए।

२०७५ साल पुस १४ गते राजविराज ७ निवासी शिवनारायण साहको घरआंगनमा राखिएको पीकअप भ्यानमा लोड गरिएको डेढ लाख भन्दा बढी मुल्यको किराना सामान चोरी गरेको आरोपमा उनी उपर चोरी मुद्दा अन्तरगत कारवाही चलाइएको थियो।

## बिगो भराउ मुद्दाका प्रतिवादी पक्राउ

**राजविराज**/बिगो भरी भराउ मुद्दामा दुई वर्ष कैद सजाय पाएका एक फरार प्रतिवादी पक्राउ परेका छन्। पक्राउ पर्नेमा सप्तरीको बोदेबरसाईन नगरपालिका वडा न. ८ बस्ने ५२ वर्षिय जिवछ प्रसाद यादव छन्।

उनलाई प्रहरीले जिल्लाको सुरुङगा नगरपालिका वडा न.६ स्थितमा लुकीछीपी हिडी रहेको अवस्थामा फेला पारी पक्राउ गरी सोमबारै पर्सा जिल्ला अदालत बिरगंज पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

मनोज कुमार साहको जाहेरीले पर्सा जिल्ला अदालतको च.नं.७५९ मिति २०७८ असोज १८ गतेको पत्र आदेशानुसार ईलाका प्रहरी कार्यालय कडरबोना सप्तरीबाट खटी गएको प्रहरी टोलीले खोजतलासका क्रममा सोमबार उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

अदालतले बिगो बापत २ बर्ष कैद सजाय तोकेको थियो। तर, अदालतको आदेशपश्चात् उनी फरार भएका थिए।




राजविराज नगर कार्यपालिकाको कार्यालय सप्तरी

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाले न युक्रेन द्वन्द्वमा संलग्न हुन्छ, न उडान बन्द क्षेत्र गर्छः पेन्टागन प्रमुख

**अमेरिका**/संयुक्त राज्य अमेरिकाले न युक्रेन द्वन्द्ववमा प्रत्यक्ष संलग्न हुनेछ न उडान नगर्ने क्षेत्र स्थापना गर्नेछ, पेन्टागनका प्रमुख लोयड अस्टिनले सीएनएन प्रसारकलाई भनेका छन्।

ठीक छ, राष्ट्रपतिको जो बाइडेने यस तथ्यको बारेमा स्पष्ट हुनुहुन्छ कि हामीसँग रुस र युक्रेनसँग लडाईमा संलग्न सेना हुनेछैनन् अस्टिनले भने।

हामीले आकाशलाई नियन्त्रण गर्नुपर्दछ र यसको मतलब यो हो कि हामीले रूसी बिमान संलग्न गर्नुपर्नेछ हामीले युक्रेन, बेलारुस र रुसमा पनि रूसी विमान र विमान प्रणाली बाहिर निकाल्नुपर्छ।

यसको मतलब हामी रुससँग लडाइँमा छौं। यी दुई आणविक शक्ति सम्पन्न देश हुन्। जुन कसैले हेर्न चाहँदैनन्। यो क्षेत्रको लागि राम्रो होइन। यो विश्वको लागि राम्रो होइन, अस्टिनले थपे। एजेन्सी

## विस्फोटमा चार अफगान बालबालिकाको मृत्यु

**काबुल**/अफगानिस्तानको दक्षिणी प्रान्त कान्दाहारमा बम विस्फोटमा परी चार बालबालिकाको मृत्यु भएको गृह मन्त्रालयले शनिबार जनाएको छ।

घटना शाह वली कोट जिल्लामा भएको थियो। युद्धको अवशेषको रूपमा रहेको उक्त बम दुर्गम गाउँका बालबालिका खेल्दै गर्दा विस्फोट भएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ।

ल्यान्डमाइन, एन्टि-पर्सनेल माइन र युद्धमा बाँकी रहेका विस्फोटक पदार्थबाट द्वन्द्वपछिको देशमा प्रत्येक महिना लगभग १२० जनाको मृत्यु वा अपाङ्ग हुने गरेको आधिकारिक स्रोतले जनाएका छन्।

शुक्रबार पूर्वी पक्तिया प्रान्तमा पनि सोही प्रकारको विस्फोट हुँदा दुई नागरिकको मृत्यु भएको थियो र तीन जना घाइते भएका थिए। एजेन्सी

## रुसी व्यापारीमाथि लगाइएको प्रतिबन्ध फुकुवा नहुने बेलायती विदेशीमन्त्री

**बेलायत**/बेलायतका विदेशमन्त्री लिज ट्रसले युक्रेनमा सैन्य कारबाहीलाई लिएर रुसी व्यापारीमाथि लगाइएका प्रतिबन्ध फुकुवा नहुने विश्वास व्यक्त गर्नुभएको छ।

"यो एकदमै गाह्रो छ। यी कुलीन वर्गहरूले भ्लादिमिर पुटिनलाई आफूले गरिरहेको काम गर्न सक्षम बनाएका छन्। उनको हातमा रगत छ," रुसी व्यापारी विरुद्ध प्रतिबन्ध लगाउने हो कि भनेर सोध्दा ट्रसले टाइम्स अखबारलाई भने।

उनले थपिन् कि रूसी व्यापारी रोमन अब्रामोविच, जो एफसी चेल्सीको स्वामित्वमा छन्, युनाइटेड किङ्गडम फर्कने सम्भावना छैन।

रुसले डोनेट्स्क र लुहान्स्कका जन गणतन्त्रलाई समर्थन गर्दै फेब्रुअरी २४ मा युक्रेनमा आफ्नो सैन्य कारबाही शुरु गरेको थियो।

पश्चिमी देशले युक्रेनमा रुसी सैन्य कारबाहीलाई आक्रमण र मस्कोमाथि कडा प्रतिबन्ध लगाएको भन्दै कडा निन्दा गरेका छन्। एजेन्सी

## रुसद्वारा पश्चिमी युक्रेनमा हाइपरसोनिक हतियार प्रयोग

**मस्को**/रुसले शुक्रबार युक्रेनमा पहिलो पटक आफ्नो सबैभन्दा नयाँ किन्जल हाइपरसोनिक मिसाइल युक्रेनको पश्चिममा रहेको हतियार भण्डारण स्थल नष्ट गर्न प्रयोग गरेको रक्षा मन्त्रालयले जनाएको छ।

"हाइपरसोनिक एरोबलिस्टिक मिसाइलसहितको किन्जल उड्डयन क्षेप्यास्त्र प्रणालीले इभानो-फ्रान्किभस्क क्षेत्रको डेलियाटिन गाउँमा मिसाइल र उड्डयन गोदाम भएको ठूलो भूमिगत गोदामलाई ध्वस्त पारेको छ," रुसी रक्षा मन्त्रालयले जनाएको छ।

राज्य समाचार एजेन्सी आरआईए नोवोस्तीले जनाएअनुसार किन्जल हाइपरसोनिक हतियारको पहिलो प्रयोग हो जसलाई मस्कोले पश्चिमी युक्रेन समर्थकमा "विशेष सैन्य अपरेशन" भनेको छ। एजेन्सी

# नेकपा (एकीकृत समाजवादी) को खड्क नगरपालिका कमिटि गठन



**राजविराज**/नेकपा (एकीकृत समाजवादी) सप्तरी खड्क नगरपालिको बिहीबार सम्पन्न भेलाले नगर कमिटि गठन गरेको छ।

विजय कुमार साहको अध्यक्षतामा ५५ सदस्यीय नगर कमिटि गठन गरेको हो। गठित कमिटिको उपाध्यक्षात्रेयमा गंगाराम चौधरी, बिमल देवी सरदार र नजमुल हुसेन मियालाई चयन गरिएको छ।

यस्तै सचिबमा महेश कुमार चौधरी, सहसचिव विश्वनाथ साह लगायत ५५ सदस्यीय नगर कमिटी सर्वसम्मतले चयन गरिएको हो।

यसअघि जिल्ला कमिटी सचिवालय सदस्य तथा नगरपालिका इञ्चार्ज शत्रुधन प्रसाद साह 'आजाद' को अध्यक्षतामा स्थायी कमिटी सदस्य तथा मधेस प्रदेशको सह इञ्चार्ज रामप्रित पासवानको प्रमुख आतिथ्य तथा स्थायी कमिटी सदस्य तथा मधेस प्रदेश कमिटीको अध्यक्ष राम चन्द्र यादवको विशिष्ट आतिथ्यमा कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा जिल्ला कमिटीका सदस्य तथा का.वा. अध्यक्ष प्रताप नारायण चौधरी, संसदीय निर्वाचन क्षेत्र नं.४ का इञ्चार्ज राजेन्द्र प्रसाद साह, नेपाल बुद्धिजीवी परिषद् सप्तरी जिल्लाको संयोजक अनिल कुमार 'अनल' लगायतको उपस्थितिमा खड्क नगरपालिका भित्रका जिल्ला कमिटी सदस्यहरुको उपस्थितिमा कमिटि गठन भएको हो।

कार्यक्रम जिल्ला कमिटी सदस्य तथा नगर सहइञ्चार्ज देवकान्त चौधरीले संचालन गरेका थिए।

# राप्रपा नेपालको जिल्ला समिति बिस्तार



**राजबिराज**/कमल थापा नेतृत्वको नवगठित राप्रपा नेपाल सप्तरीको जिल्ला कार्यसमिति बिस्तार गरिएको छ।

शनिबार राजबिराजमा आयोजित एक कार्यक्रममा वर्तमान जिल्ला कार्यसमितिलाई बिस्तार गर्दै ५० पुऱ्याएको केन्द्रिय सदस्य सुभाषचन्द्र झाले जानकारी दिएका छन्।

झाको अध्यक्षत तथा मधेश प्रदेशका अध्यक्ष रामनरेश यादवको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमले अमिति यादवको अध्यक्षता गठित जिल्ला कार्य समिति बिस्तार गरेको हो।

बिस्तारित समितिको उपाध्यक्षत्रेयमा उमेश खडका, बालेश्वर राम, देवकुमारी चौधरी, सचिवमा रुद्रनारायण झा तथा कोषाध्यक्षमा सन्तोष यादव तथा प्रवक्तामा दिनेश साह रहेका छन्।

आयोजित कार्यक्रममा प्रमुख अतिथि, केन्द्रिय सदस्य झा, जिल्ला अध्यक्ष, उपाध्यक्ष लगायतले शुभकामना मन्तव्य दिएका थिए।

# अस्पताल जाँदा पिसिआर परीक्षण गर्नुपर्दैन

**काठमाडौं**/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य संस्था तथा अस्पतालमा उपचारका लागि जाँदा अब पिसिआर परीक्षण गर्नु नपर्ने जनाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले कोरोना भाइरसविरुद्धको खोपको पूर्ण मात्रा लगाइसकेका र कोभिड-१९ को सङ्क्रमणको लक्षण नदेखिका व्यक्तिले अस्पतालमा उपचारका लागि पिसिआर परीक्षण गराउनुनपर्ने बताए।

यसअघि अस्पतालमा उपचारका लागि जाँदा पिसिआर परीक्षण अनिवार्य गर्नुपर्ने प्रावधान थियो। सरकारले पिसिआर परीक्षणको शुल्क रु आठ सय तोकेको छ। अस्पतालमा जाँदा खोप कार्ड भने अनिवार्यरुपमा लिएर जानुपर्ने मन्त्रालयले जनाएको छ।

# यस वर्षको महामुर्ख डा झा

**जनकपुर**/जनकपुरधाममा प्रसिद्ध महामुर्ख सम्मेलनबाट यस वर्षको महामुर्खको उपाधि मधेस प्रदेश सरकारका नीति तथा योजना आयोगका उपाध्यक्ष डा भोगेन्द्र झालाई प्रदान गरिएको छ।

होली पर्वका अवसरमा मिथिला नाटचकला परिषद् (मिनाप)ले प्रत्येक वर्ष दिँदै आएको 'महामुर्ख' को उपाधि यस वर्ष डा झालाई प्रदान गरिएको हो।

त्यसैगरी प्रदेशसभा सदस्य मञ्जु यादवलाई अदलबदली, नेपाली कांग्रेसका नगर उपसभापति राकेश विक्रम साहलाई टिटही, मिथिला चित्रकार मनिषा साहलाई गन्हकी, मिथिला वाइल्डलाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डललाई हराशङ्ख, नेपाल पत्रकार महासङ्घ धनुषा शाखा अध्यक्ष मनिका झालाई दिलतोरियाको उपाधि दिइएको छ।

यस्तै अधिवक्ता सुदीप कोइरालालाई गोबर गणेश, गिद्धाबेलापट्टी विद्यालयका प्रधानाध्यापक पवन मण्डललाई डपोर शङ्ख, वरिष्ठ कलाकार रामरेखा पण्डितलाई बज्रकिट, जनकपुरधाममा मिथिला चित्रकलालाई सुरुआत गरेकी मिथिलेश्वरी कर्णलाई लालबुझ्क्कड, व्यवसायी अभिशेष चौधरीलाई बोतलानन्द र जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रद्युम्न उपाध्यायलाई बैशाखनन्दनको उपाधि दिइएको छ।

उपाधि मधेस सरकारका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादव, उद्योग पर्यटन तथा वनमन्त्री सत्रुधन महतो, मिनापका अध्यक्ष परमेश झा लगायतले हस्तान्तरण गरे।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*